# काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड

## आन्तरिक प्रतियोगिता र खुल्ला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथमपटक प्रकाशित मिति : २०७६।१०।१७)**

यस कम्पनीमा रिक्त रहेका पदहरू मध्ये लोकसेवा आयोगको मिति २०७६/१०/९ को सहमति अनुसार देहायका पदहरू खुल्ला तथा समावेशी र आन्तरिक प्रतियोगिताबाट लोकसेवा आयोगबाट लिखित परीक्षा सञ्चालन गरी स्थायी पदपूर्ति गरिने हुँदा कम्पनीको प्रचलित कर्मचारी प्रशासन विनियमावली, २०६४ (संशोधित) मा व्यवस्था भए बमोजिम देहायका योग्यता पुगेका नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिन्छ । दरखास्त फाराम कम्पनीको वेबसाईटबाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ । निर्दिष्ट स्थानमा पासपोर्ट साईजको फोटो टाँस गरी आफूले प्राप्त गरेका शैक्षिक योग्यताको प्रमाणपत्रहरू स्वयं प्रमाणित गरी यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले २१ दिनभित्रमा कम्पनीको मुख्य कार्यालय, त्रिपुरेश्वर स्थित मानव श्रोत विकास शाखामा बुझाउन आह्वान गरिएको छ । परीक्षा दस्तुर नविल बैंक लिमिटेडको चल्ती खाता नं. ०२०१०१७५०१६१६ मा जम्मा गरी दरखास्त साथ दुई प्रति भौचर संलग्न गर्नु पर्नेछ । दरखास्त दिने अन्तिम मिति पछि ७ दिनसम्ममा दोब्बर दस्तुर तिरी दरखास्त दिन सकिनेछ । दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको अर्को दिनसम्म दरखास्त बुझाउन सकिनेछ ।

| क्र. सं. | विज्ञापन नम्बर | विज्ञापनको किसिम | पद | सेवा | समूह | तह | आवश्यक न्यूनतम योग्यता | माग पद संख्या | परीक्षा दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २६/०७६/०७७ | आन्तरिक प्रतियोगिता | उप प्रबन्धक | प्राविधिक | सिभिल | ९ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनीयरिङ्ग विषयमा स्नातकोत्तर तह बा सो सरह उत्तीर्ण भई सम्बन्धित क्षेत्रमा कम्तीमा चार वर्ष काम गरेको अनुभव । | १ | २५००।- |
| २ | २७/०७६/०७७ | आन्तरिक प्रतियोगिता | सहायक प्रबन्धक | प्राविधिक | सिभिल | ८ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनीयरिङ्ग विषयमा स्नातकोत्तर तह बा सो सरह उत्तीर्ण भई सम्बन्धित क्षेत्रमा कम्तीमा चार वर्ष काम गरेको अनुभव । | १ | २०००।- |
| ३ | २८/०७६/०७७ | महिला | सहायक प्रबन्धक | प्राविधिक | सिभिल | ८ | | १ | २०००।- |
| ४ | २९/०७६/०७७ | आन्तरिक प्रतियोगिता | ईन्जिनियर | प्राविधिक | सिभिल | ७ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिंग विषयमा बी.ई बा सो सरह उत्तीर्ण । | १ | २०००।- |
| ५ | ३०/०७६/०७७ | खुल्ला | ईन्जिनियर | प्राविधिक | सिभिल | ७ | | ३ | २०००।- |
| ६ | ३१/०७६/०७७ | महिला | ईन्जिनियर | प्राविधिक | सिभिल | ७ | | १ | २०००।- |
| ७ | ३२/०७६/०७७ | अपाङ्ग | ईन्जिनियर | प्राविधिक | सिभिल | ७ | | १ | २०००।- |
| ८ | ३३/०७६/०७७ | पिछडिएको क्षेत्र | ईन्जिनियर | प्राविधिक | सिभिल | ७ | | १ | २०००।- |
| ९ | ३४/०७६/०७७ | महिला | केमिष्ट | प्राविधिक | गुणस्तर | ७ | मान्यता प्राप्त शिक्षण संस्थाबाट केमेष्ट्री मुल विषय लिई स्नातकोत्तर बा सो सरह उत्तीर्ण । | १ | २०००।- |
| १० | ३५/०७६/०७७ | आन्तरिक प्रतियोगिता | लेखा अधिकृत | प्रशासन | लेखा | ७ | मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिजयशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह बा सो सरह उत्तीर्ण । | १ | २०००।- |
| ११ | ३६/०७६/०७७ | महिला | लेखा अधिकृत | प्रशासन | लेखा | ७ | | १ | २०००।- |
| १२ | ३७/०७६/०७७ | महिला | सहायक प्रशासन अधिकृत | प्रशासन | प्रशासन | ६ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै पनि विषयमा स्नातक तह वा सरह उत्तीर्ण । | १ | २०००।- |
| १३ | ३८/०७६/०७७ | आदिवासी जनजाति | सहायक प्रशासन अधिकृत | प्रशासन | प्रशासन | ६ | | १ | २०००।- |
| १४ | ३९/०७६/०७७ | आन्तरिक प्रतियोगिता | सहायक लेखा अधिकृत | प्रशासन | लेखा | ६ | मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा सो सरह उर्तीण । | १ | २०००।- |
| १५ | ४०/०७६/०७७ | खुल्ला | सहायक लेखा अधिकृत | प्रशासन | लेखा | ६ | | ४ | २०००।- |
| १६ | ४१/०७६/०७७ | आदिवासी जनजाति | सहायक लेखा अधिकृत | प्रशासन | लेखा | ६ | | २ | २०००।- |
| १७ | ४२/०७६/०७७ | मधेशी | सहायक लेखा अधिकृत | प्रशासन | लेखा | ६ | | १ | २०००।- |
| १८ | ४३/०७६/०७७ | दलित | सहायक लेखा अधिकृत | प्रशासन | लेखा | ६ | | १ | २०००।- |
| १९ | ४४/०७६/०७७ | खुल्ला | ओभरसियर | प्राविधिक | सिभिल | ५ | मान्य प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिंग विषयमा प्रमाणपत्र तह बा सो सरह उत्तीर्ण । | ४ | १५००।- |
| २० | ४५/०७६/०७७ | महिला | ओभरसियर | प्राविधिक | सिभिल | ५ | | १ | १५००।- |
| २१ | ४६/०७६/०७७ | अपाङ्ग | ओभरसियर | प्राविधिक | सिभिल | ५ | | १ | १५००।- |
| २२ | ४७/०७६/०७७ | खुल्ला | ओभरसियर | प्राविधिक | ईलेक्ट्रो मेकानिकल | ५ | मान्य प्राप्त शिक्षण संस्थाबाट ईलेक्ट्रिकल बा मेकानिकल ईन्जिनियरिंग विषयमा प्रमाणपत्र तह बा सो सरह उत्तीर्ण । | २ | १५००।- |
| २३ | ४८/०७६/०७७ | मधेशी | ओभरसियर | प्राविधिक | ईलेक्ट्रो मेकानिकल | ५ | | १ | १५००।- |
| २४ | ४९/०७६/०७७ | दलित | ओभरसियर | प्राविधिक | ईलेक्ट्रो मेकानिकल | ५ | | १ | १५००।- |
| २५ | ५०/०७६/०७७ | खुल्ला | ओभरसियर | प्राविधिक | सुचना प्रविधि | ५ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर ईन्जिनियरिङ्ग बा इलेक्ट्रोनिक्स ईन्जिनियरीङ्ग बा ईलेक्ट्रिकल र ईलेक्ट्रोनिक्स ईन्जिनियरीङ्ग बा ईलेक्ट्रोनिक्स र कम्यूनिकेशन ईन्जिनियरीङ्ग बिषय लिई कम्तिमा प्रविणता प्रमाणपत्र तह बा सो सरह उत्तीर्ण । | १ | १५००।- |
| २६ | ५१/०७६/०७७ | मधेशी | ओभरसियर | प्राविधिक | सुचना प्रविधि | ५ | | १ | १५००।- |
| २७ | ५२/०७६/०७७ | खुल्ला | वरिष्ठ प्रशासन सहायक | प्रशासन | प्रशासन | ५ | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह बा सो सरह उत्तीर्ण । | २ | १५००।- |
| २८ | ५३/०७६/०७७ | मधेशी | वरिष्ठ प्रशासन सहायक | प्रशासन | प्रशासन | ५ | | १ | १५००।- |
| २९ | ५४/०७६/०७७ | खुल्ला | वरिष्ठ लेखा सहायक | प्रशासन | लेखा | ५ | मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिजयशास्त्रमा प्रविणता प्रमाणपत्र तह बा सो सरह उत्तीर्ण । | ३ | १५००।- |
| ३० | ५५/०७६/०७७ | आदिवासी जनजाति | वरिष्ठ लेखा सहायक | प्रशासन | लेखा | ५ | | १ | १५००।- |
| ३१ | ५६/०७६/०७७ | मधेशी | वरिष्ठ लेखा सहायक | प्रशासन | लेखा | ५ | | १ | १५००।- |
| ३२ | ५७/०७६/०७७ | अपाङ्ग | वरिष्ठ लेखा सहायक | प्रशासन | लेखा | ५ | | १ | १५००।- |
| ३३ | ५८/०७६/०७७ | खुल्ला | वरिष्ट कम्प्यूटर अपरेटर | प्राविधिक | सुचना प्रविधि | ५ | कम्प्यूटर बिषय लिई प्रविणता प्रमाणपत्र तह बा सो सरह उत्तीर्ण बा प्रमाणपत्र तह बा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्था बा विज्ञान तथा प्रविधि मन्त्रालयबाट कम्तीमा पाँच महिनाको कम्प्यूटर तालिम प्राप्त । | १ | १५००।- |
| ३४ | ५९/०७६/०७७ | महिला | वरिष्ट ल्याव टेक्निसियन | प्राविधिक | गुणस्तर | ५ | मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान बिषयमा प्रविणता प्रमाणपत्र तह बा सो सरह उत्तीर्ण बा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरी सम्बन्धित बिषयमा एक बर्षको कार्य अनुभव प्राप्त बा प्रमाणपत्र तह उत्तीर्ण गरी सम्बन्धित बिषयमा कम्तीमा ६ महिनाको तालिम प्राप्त । | १ | १५००।- |
| ३५ | ६०/०७६/०७७ | महिला | वरिष्ठ कानुन सहायक | प्रशासन | कानुन | ५ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कानून विषयमा स्नातक तह बा सो सरह उत्तीर्ण । | १ | १५००।- |
| ३६ | ६१/०७६/०७७ | खुल्ला | हेभि ईक्यूपमेण्ट ड्राईभर | प्राविधिक | ईलेक्ट्रो मेकानिकल | ५ | मान्यता प्राप्त शिक्षणसंस्थाबाट एस.एल.सि. बा सो सरह उत्तीर्ण गरि हेभि ईक्विपमेन्टको सवारी चालक अनूमति पत्र प्राप्त । | १ | १५००।- |
| ३७ | ६२/०७६/०७७ | महिला | हेभि ईक्यूपमेण्ट ड्राईभर | प्राविधिक | ईलेक्ट्रो मेकानिकल | ५ | | १ | १५००।- |

**नोट :**

१. उमेरको हकमा अधिकृत स्तरको ७औं, ८औं र ९औं तहको लागि लागि २१ वर्ष पूरा भै ४० वर्ष ननाघेको, छैठौं तहको लागि २१ वर्ष पूरा भै ३५ वर्ष ननाघेको, सहायक स्तरको लागि १८ वर्ष पूरा भै ३५ वर्ष ननाघेको हुनु पर्नेछ । महिला र अपाङ्गता भएका व्यक्तिहरूको लागि ४० वर्षको उमेरसम्म उम्मेदवार हुन सक्नेछन् ।

२. यस कम्पनीको कर्मचारी प्रशासन विनियमावली, २०६४(संशोधन सहित) विनियम १८ मा व्यवस्था भए अनुसार परीक्षणकाल हुनेछ ।

३. तलब स्केल र अन्य सुविधा यस कम्पनीको नियमानुसार हुनेछ ।

४. प्रत्येक सेवा अन्तर्गत खुल्ला र समावेशी प्रतियोगिताका आधारमा लिइने परीक्षाहरू संयुक्त रूपमा एकै पटक एकै सिटिङ्गमा लिइने छ ।

५. समावेशी समूहभित्र फाराम भर्ने उम्मेदवारहरूले विज्ञापन अनुसारका प्रत्येक समूहका दरखास्त फारामको पहिलो पाना छुट्टा छुट्टा भर्नु पर्नेछ, तर रोल नम्बर र प्रवेशपत्र भने एउटै मात्र प्रदान गरिनेछ ।

६. उम्मेदवारले प्रवेशपत्रमा आफू उम्मेदवार हुने समूहहरूको विवरण निर्धारित ढाँचामा अनिवार्य रूपले खुलाउनु पर्नेछ । अन्यथा परीक्षामा समावेश गराइनेछैन ।

७. एकभन्दा बढी समूहमा फाराम भर्ने उम्मेदवारले आफूले पेस गर्ने आवश्यक प्रमाणहरूको प्रत्येकको एक/एक प्रति मात्र बुझाए पुग्नेछ ।

८. दरखास्त पेस गर्ने उम्मेदबारहरूले सूचनामा तोकिए बमोजिमको परीक्षा दस्तुर बापतको रकम तोकिएको म्यादभित्र र म्याद नाघेको ७ दिनसम्ममा दोब्बर परीक्षा दस्तुर रकम नविल बैंक स्थित चल्ती खाता नं. ०२०१०१७५०१६१६ मा जम्मा गरेको सक्कल भौचर दुई प्रति सहित दरखास्तसाथ पेस गर्नु पर्नेछ ।

९. परीक्षा सम्बन्धी कार्यक्रम पछि गोरखापत्रमा प्रकाशित गरिनेछ ।

१०. **कार्य गर्नुपर्ने क्षेत्र :** काठमाडौं उपत्यका खानेपानी लिमिटेड मुख्य कार्यालय तथा शाखा कार्यालयहरूमा ।

११. **समावेशी तर्फका उम्मेदवारहरूले पेस गर्नुपर्ने थप कागजातहरू:**

क. आदिवासी/जनजातिको हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सुचिकृत भएका जातिको सुचिको आधारमा दरखास्त स्वीकृत हुनेछ । तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सुचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सुचिकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ अनिवार्य रूपमा पेस गर्नु पर्नेछ ।

ख. दलितको हकमा नेपाल दलित आयोगबाट सुचिकृत भएका जातिको सुचिको आधारमा दरखास्त स्वीकृत हुनेछ । राष्ट्रिय दलित आयोगबाट सुचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सुचिकृत भएको जातिभित्रको थर भनि प्रमाणित गराई दरखास्त साथ अनिवार्य रूपमा पेस गर्नु पर्नेछ ।

ग. मधेसीको हकमा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिमको संस्थाबाट मधेसी भनि प्रमाणित गरेको प्रमाणको आधारमा दरखास्त स्वीकृत हुनेछ । तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानिय निकायको प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनि प्रमाणित गराई दरखास्तसाथ पेस गर्नु पर्नेछ ।

१२. थप जानकारी आवश्यक भएमा कम्पनीको मुख्य कार्यालय मानव श्रोत विकास शाखामा सम्पर्क राख्न सकिनेछ ।

१३. दरखास्त स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनीमा सुरक्षित हुनेछ ।

**पदपूर्ति समिति**

**काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड**

**त्रिपुरेश्वर मार्ग, काठमाण्डौ**